# पर्यावरणको सामाजिक प्रभाव

**गोकुल पोखरेल**

pokhrelsudeep9@gmail.com

**लेखसार**

यो अध्ययन पर्यावरणको सामाजिक प्रभाव निरूपणमा केन्द्रित छ। पर्यावरणले सामाजिक-सांस्कृतिक मूल्यमान्यतालाई प्रभावित पार्छ। पारिस्थितिक प्रणालीअनुसार त्यहाँको समाज र समाजिक विकासको प्रक्रिया निर्देशित रहेको हुन्छ। पर्यावरणसँग निरपेक्ष भएर समाज विकासको परिकल्पना गर्न सकिन्न। भूगोल र पर्यावरणीय परिवेशअनुसार जुन समाज स्थापित छ र सामाजिक विकासको प्रक्रिया अगाडि बढेको छ। त्यसको अन्तर्य निर्माणमा पर्यावरणको गहिरो प्रभाव रहेको हुन्छ। पर्यावरणीय अनुकूलता र प्रतिकूलताले सामाजिक संरचनालाई प्रभावित गर्दछ। मानव पर्यावरणको एक हिस्सा हो। तसर्थ मानवको समूहद्वारा निर्मित समाजमा स्थानीय पर्यावरणको भूमिका सर्वोपरि रहन्छ। समाजका रीतिस्थिति, परम्परा, आचरण, व्यवहार, विचारपद्धति, चिन्तन तथा समग्र क्रियाकलापहरू प्रकृतिकै उपज हुन्छन्। मान्छे र उसले प्रतिनिधित्व गरेको सामाजिक संरचनामा पर्यावरण अन्तर्मिश्रित भएर आएको हुन्छ। समाज पर्यावरणकै एक रूप हो। समाजमा त्यहाँको स्थानीय पर्यावरण स्वतः प्रतिबिम्बित हुन्छ। यस अध्ययनमा पर्यावरण र समाजको अन्तर्सम्बन्ध, पर्यावरण र मानवीय क्रियाकलाप तथा पर्यावरण र मानवीय संस्कृतिको अन्तर्सम्बन्धको विश्लेषण गरेर मान्छे, प्रकृति र तिनका बिचको अविभाज्य सार्वभौमिक मूल्यको विश्लेषण गरिएको छ। मान्छे, प्रकृति र समाजका बिचमा अन्योन्याश्रित सम्बन्ध रहेको, मानवका प्रत्येक सामाजिक संरचनाभित्र पर्यावरणीय प्रभाव रहेको र समाजको समग्र स्वरूप पर्यावरणीय सङ्घटनाबाट निर्देशित र दिग्दर्शित रहेर समाजिक मूल्य स्थापित रहेको एवम् प्रत्येक मान्छे र समाजको पर्यावरणप्रति गहन, सघन र जिम्मेवारीपूर्ण दायित्व रहेको छ भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ।

**शब्दकुञ्जी** : चक्र, पारिस्थितिक, विश्व तापमान वृद्धि, संस्कृति ।

## विषय प्रवेश

मानव र पर्यावरणबिच मानव जातिको उत्पत्तिसँगै सम्बन्ध स्थापित भएको पाइन्छ । यसका प्रमाणहरू सर्वप्राचीन ग्रन्थमा उल्लिखित छ । ऋग्वेदमा उल्लेख भएअनुसार पूर्वीय सभ्यतामा वैदिककालदेखि नै मानव र उसको समुदाय वा समाजसँग पर्यावरणको गहन सम्बन्ध रहेको पाइन्छ । पाश्चात्य मानवीय सभ्यतामा उपलब्ध विभिन्न ग्रन्थहरूले पनि पर्यावरणसँग मानवको अभिन्न सम्बन्ध रहेको पुष्टि गर्छन् । पर्यावरणको अनुकूलतामै मानव समाज अनुकूलित हुँदै आएको तथ्यलाई कसैले पनि नकार्न सक्दैन । मानव सभ्यता र उसले निर्माण गरेको समाजको सबैभन्दा पहिलो आधार स्रोत नै प्रकृति हो ।

प्रकृतिकै सापेक्षतामा मानव विकासको प्रक्रिया आरम्भ भएको र त्यसै अनुकूलतामा क्रमशः सामाजिक सभ्यताको विकास हुँदै आएको पाइन्छ । प्रकृति प्रदत्त हावा, पानी, माटो, वनजङ्गल र त्यसमा विकसित भएको पारिस्थितिक प्रणालीले सामाजिक विकासमा भूमिका खेलेको हुन्छ । एउटा समाजको सामाजिक संरचना र समाजचक्र निर्माणका लागि पारिस्थितिक पद्धति जिम्मेवार हुन्छ । समाज विकासको प्रारम्भिक चरणमा मानिस पूर्णतः प्राकृतिक आचरणयुक्त थियो । यसको अर्थ उसका समग्र जीवनचर्याहरू जङ्गल र त्यसमा निर्माण भएको पारिस्थितिक प्रणालीमा अनुबन्धित थिए । त्यसै पारिस्थितिक पद्धतिभित्रका खाद्य शृङ्खला र वासस्थान प्रणालीकै अनुकूलतामा मानिसले आफ्नो अनुकूलन गरेको र त्यसै अनुकूलनमा उसको समूहले प्राकृतिक संरक्षण र आश्रय प्राप्त गरेको पाइन्छ ।

भूगोल वा पर्यावरण सापेक्ष भएर नै उसले आफू र आफ्नो समाजको समग्र दैन्दिनीलाई सबलीकरण गर्दै आफ्नो मानवीय सामाजिक प्रभुत्व स्थापित गर्दै आएको पाइन्छ । समाज विकासको गति क्रमशः बढ्दै जाँदा उसले पर्यावरणसँग कहिले द्वन्द्व र कहिले अनुकूलित समायोजन गर्दै आफू र आफूले प्रतिनिधित्व गरेको सामाजिक संरचनाको अस्तित्व जोगाइरहेको पाइन्छ । वर्तमानसम्म आइपुग्दा मानव प्राकृतिक प्राणीबाट क्रमशः अप्राकृतिकतातर्फ उन्मुख हुँदै गएको सङ्केत उसका र उसले प्रतिनिधित्व गरेको समाजका पछिल्ला गतिविधिबाट प्राप्त हुन्छ । उसका सारा स्वभाव, गतिविधि, जीवनशैली, प्रकृतिप्रतिको व्यवहार, प्रकृतिमाथि नै विजय प्राप्त गर्छु भन्ने अहम्‌युक्त मदान्ध आदिले ऊ प्रकृतिबाट क्रमशः विमुख हुन खोजेको देखिन्छ । यसै कारणले मानव र उसको प्रतिनिधिमूलक समूह समाज एवम् प्रकृतिबिचमा एउटा नैसर्गिक अन्तराल कायम हुन गइरहेको तथ्य पुष्टि भइरहेको छ । यसले गर्दा आज प्रकृति र मानवका बिच नैसर्गिकताको द्वन्द्व देखा परेको छ । यो अध्ययनमा मानव समाज र प्रकृतिका बिचको प्रभाव र त्यसमा देखा परेको नैसर्गिक अन्तरालको विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययनमा पर्यावरण र समाजबिचको अन्तर्सम्बन्ध के कस्तो छ र पर्यावरणले सामाजिक संरचनामा कस्तो प्रभाव पारेको छ भन्ने समस्यालाई अनुसन्धेय प्राज्ञिक जिज्ञासाका रूपमा लिइएको छ । पर्यावरण र समाजको अन्तर्सम्बन्ध निर्धारण गरेर पर्यावरणले सामाजिक संरचनामा पारेको प्रभावको विश्लेषण गर्नुलाई प्रस्तुत अनुसन्धानको उद्देश्यका रूपमा लिइएको छ ।

यस अध्ययनले पर्यावरणसँग समाजको सामाजिक संरचनालाई जोडेर हेर्ने तथा पर्यावरणले कसरी समाजलाई निर्देशित गरेको हुन्छ, पर्यावरण र समाजका बिच कस्तो सम्बन्ध हुन्छ, पर्यावरणले सामाजिक विकासमा कस्तो भूमिका खेलेको हुन्छ, पर्यावरणले सामाजिक संरचनाको निर्माणमा कस्तो प्रभाव पार्छ भन्ने तथ्य निरूपण गर्ने हुँदा यसको औचित्य स्वतः पुष्टि हुन्छ । यस अध्ययनबाट ज्ञानको परम्परामा पर्यावरण र समाजको अन्तर्सम्बन्ध स्थापित गर्ने प्राज्ञिक कार्यसमेत हुने हुँदा यसको महत्त्व स्वतः स्पष्ट हुन्छ ।

यो अध्ययन पर्यावरणको सामाजिक प्रभाव भन्ने अनुसन्धेय शीर्षक र विषय क्षेत्रमा केन्द्रित छ । यो अनुसन्धान पर्यावरणको सामाजिक प्रभावअन्तर्गत

पर्यावरण र समाजको अन्तर्सम्बन्ध तथा पर्यावरणले सामाजिक संरचनामा पार्ने प्रभावसँग मात्र सम्बन्धित भएर तयार पारिएको छ ।

यस अध्ययनको विधि र आधार निर्धारण गरिएको छ । अध्ययनको विधिअन्तर्गत सामग्री सङ्कलनका लागि सन्दर्भ स्रोतको उपयोग गरिएको छ । सन्दर्भ सामग्रीको उपयोग गर्ने स्रोतका रूपमा पुस्तकालयलाई लिइएको छ । सामग्री विश्लेषणका लागि पर्यावरणवादसँग सम्बन्धित आवश्यकताअनुसारका विषयवस्तुसँग सम्बन्धित अनुसन्धानात्मक पुस्तक, लेखरचना आदि सामग्रीहरूको यथोचित उपयोग गरिएको छ । सामग्री विश्लेषणको आवश्यकताअनुसार पर्यावरणवादअन्तर्गत गहन पर्यावरण, सामाजिक पर्यावरण, मार्क्सवादी पर्यावरणजस्ता सैद्धान्तिक मान्यताको उपयोग गरिएको छ ।

## विमर्श र नतिजा

पर्यावरणको सामाजिक प्रभाव शीर्षकको प्रस्तुत अनुसन्धानात्मक आलेखमा निम्न उपशीर्षक-अन्तर्गत रहेर विमर्श र नतिजा प्रस्तुत गरिएको छ ।

## पर्यावरण र समाजको अन्तर्सम्बन्ध

संस्कृत भाषाका स्रोतबाट नेपाली भाषामा प्रचलनमा रहेको तत्सम शब्द *पर्यावरण* संस्कृत भाषाको नियमअनुसार *परि+आवरण* भाषिक संरचनाद्वारा निर्मित भएको छ । यसले हाम्रो वरपर रहेको सम्पूर्ण जैविक र अजैविक द्रव्यहरूको समुच्चयलाई जनाउँछ । सामान्यतया पर्यावरणलाई वातावरण भनेर बुझ्न सकिन्छ । त्यसैले यो शब्द वातावरण वा समग्र पारिस्थितिक पद्धतिको समानार्थक शब्द र त्यसले बुझाउने अर्थका रूपमा उपयोग गरिएको पाइन्छ । पर्यावरण समग्र पारिस्थितिक पद्धति र त्यसमा निर्माण भएको निर्मितिसँग सम्बन्धित छ । पारिस्थितिक पद्धतिअन्तर्गत आउने जैविक प्रक्रियाहरूको समष्टिगत रूप नै पर्यावरण हो (ग्लटफेल्टी, सन् १९९६, पृ. XIX) ।

जैविक र अजैविक पर्यावरणीय प्रक्रियाभित्रै मानव र उसले नेतृत्व गरेको समाज निर्मित हुन्छ । त्यस समाजसँग त्यहाँको स्थानीय पर्यावरणको गहिरो छाप परेको हुन्छ । जुन वातावरण, परिवेश, भौगोलिक संरचना, जलवायु र पर्यावरणीय अवस्था छ; त्यसैको अनुकूलतामा मान्छेले आफ्नो जीवनव्यवहार निर्मित गर्दै त्यसैको अनुकूलतामा आफ्नो अनुकूलन गरेर अस्तित्व रक्षा गरेको हुन्छ । "वातावरणमा मान्छेले नबनाएका डाँडाकाँडा, समतल, लेक, हिमाल आदि भौगोलिक घटक, चिसोतातो, हुस्सु, कुहिरो, तुवाँलो आदि जलवायु र लतावृक्ष, जन्तु जनावर, चराचुरुङ्गी, कीटपतङ्गलगायत स्थावर, जङ्गम तथा जलचर, थलचर, नभचर सबै पर्छन" (गौतम, २०६४, पृ. २४६) । पर्यावरणभित्र मानव र उसले प्रतिनिधित्व गरेको समाज, समाजका सम्पूर्ण सामाजिक संरचना, मानवले निर्माण नगरेका सम्पूर्ण जैविक र अजैविक पक्ष आदिको समुच्चय समष्टिमा समेटिएर आएको हुन्छ ।

मानव र उसको प्रतिनिधित्व भएका सामाजिक संरचनाको निर्मितिमा पर्यावरण जिम्मेवार हुन्छ । समाज स्थानीय पर्यावरणकै एक सूक्ष्म रूप हो । स्थानीय पर्यावरणसँग अनुकूलित भएर नै त्यहाँको सामाजिक चर्चा निर्देशित भएको हुन्छ । समाज पर्यावरणसँग पूर्ण रूपले आश्रित हुन्छ । समाजका हरेक गतिविधिहरू स्थानीय पर्यावरणसँग अन्तर्सम्बन्धित हुन्छन् । समाजमा निर्माण भएको संस्कृति पर्यावरण सापेक्ष हुन्छ । त्यस संस्कृतिभित्र रहेका शिक्षा, स्वास्थ्य, राजनीति, रहनसहन, जीवनपद्धति, चाडपर्व, धर्म, विचारधारा, खानपान आदि सबै पक्षहरू पर्यावरण सापेक्ष हुन्छन् । जस्तो पर्यावरणीय संरचना छ; त्यसैअनुसारको समाजपद्धति निर्माण भएको हुन्छ । समाज पर्यावरणसँग अलग रहेर बाँच्न सक्दैन ।

पर्यावरणको प्रतिकूलतामा समाजले आफ्नो अस्तित्व अक्षुण्ण राख्न पनि सक्दैन । समाजको जग नै पर्यावरणको आधार स्तम्भमा रहन्छ । त्यसैले हरेक समाज र त्यसको सदस्य पर्यावरणप्रति पूर्णतया उत्तरदायी रहन्छ । समाज मूलतः मानवीय क्रियाकलाप र उसको जीवनपद्धतिसँग सम्बन्धित हुन्छ । उसले निर्माण गरेको जीवनपद्धति सामाजिक संस्कृति हो । त्यसैले संस्कृति समाजको अभिन्न सदस्य

मान्छेले सिक्दै आएको विभिन्न व्यवहारको समग्रता हो । मान्छे र उसको समाज एवं संस्कृति पर्यावरणसँग विमुख भएर निर्माण हुन सक्दैन । पर्यावरणमा आएको विचलनसँगै त्यस्ता संस्कृतिहरू विनष्ट हुन्छन् ( होकम्यान, सन् २००० पृ. १८७) ।

सामाजिक संस्कृति स्थानीय पर्यावरणकै विशिष्ट रूप पनि हो । सामाजिक पद्धति र त्यसअन्तर्गतको संस्कृति मानव व्यवहारको सम्पूर्ण रूप हो । सामाजिक व्यवहारबाट उत्पन्न हुने विचार, विमर्श र कार्य, मानवीय सामर्थ्यमा निहित सिकाइ र ज्ञानको हस्तान्तरण, पिँढीगत विकास लागि निर्मित सम्पूर्ण मानवीय सभ्यताका साधनहरू, भाषा, विचारधारा, चलनचल्तीमा रहेका व्यावहारिक विश्वासहरू यसअन्तर्गत आउँछन् । सामाजिक पद्धति मानिसको आचरण, जीवनपद्धति, उसले निर्माण गरेको धर्म, कला, दैनिक व्यवहार, खानपान, साहित्य, निर्माणकला र सम्पूर्ण स्थापत्यकलाको प्रतिनिधि समुच्चय हो । समाजले प्रतीकात्मक बिम्ब निर्माण गर्ने सम्पूर्ण संस्था, मानवीय निर्मितिहरू, उसका समग्र क्रियाकलाप र आस्थालाई निर्देशित गर्छ र यसभित्र कला, धर्म, विज्ञान, खेल, शिक्षा, साहित्य, आनन्दानूभूतिजस्ता पक्षहरू समेटिन्छन् (मिन्नर एन्ड ब्रोबिट, सन् २००७, पृ. ७) ।

यी समग्र मानवीय गतिविधि र त्यस-अन्तर्गतका सम्पूर्ण सामाजिक संरचनाको निर्मितिमा स्थानीय पर्यावरणको गहिरो प्रभाव परेको हुन्छ । सम्पूर्ण सामाजिक गतिविधि नै पर्यावरणद्वारा सञ्चालित हुन्छ । त्यसै पर्यावरणमै जीवन र जगत्को अभिन्नता रहन्छ । प्रकृतिका समग्र सत्यमा जीवनको निरन्तरता रहन्छ । प्रकृति जगत्को सन्तुलनका योजनाहरू प्रकृतिमै निर्धारित भएका हुन्छन् (सुवेदी, २०७३, पृ. १३३) । प्रकृतिकै सन्तुलनमा जीवको जीवनक्रिया सञ्चालित हुन्छ । जलचर, थलचर, नभचर र सम्पूर्ण चराचरहरू प्रकृतिप्रदत्त खाद्य शृङ्खला, बासशृङ्खला र पारिस्थितिक शृङ्खलामा अनुबन्धित भएका हुन्छन् । जलचरलाई पानीमा सीमित गरी त्यहींको पारिस्थितिक प्रणालीभित्र समेटिएको हुन्छ । थलचरलाई जीवनसँग जोडेर उसका क्रियाकलाप समेटिएको हुन्छ । नभचरलाई आकाश र जमिनमा समेटिएको हुन्छ । त्यहीँको पारिस्थितिक प्रणालीअनुसार उसको जीवन सञ्चालनको सुप्रबन्धन पर्यावरणले गरेको हुन्छ ।

मानव र उसको समाजलाई पनि उसले त्यसै अनुरूप निर्मित गरेर प्रकृतिकै निर्भरतामा सञ्चालित गरेको पाइन्छ । उसका समग्र गतिविधिको आधार स्रोत पर्यावरण नै हो । समाजले पर्यावरणलाई सामाजिक सम्पत्तिका रूपमा स्वीकार गरेको हुन्छ । प्रकृतिकै केन्द्रीयतामा समाजका सामाजिक व्यवहारहरू निर्धारित भएका हुन्छन् । स्थानीय पर्यावरणअनुसार उसको खानपान, सोहीअनुसार उसको विचारधार निर्माण हुन्छ । चाडपर्वहरू पनि पर्यावरणकै आधारशिलामा निर्माण भएका हुन्छन् । समाजका सामाजिक र सांस्कृतिक वेशभूषा, प्रयोगगत उपकरणहरू, औजारहरू, शिक्षा, राजनीति, स्वास्थ्य, दैनिक क्रियाकलाप, लोकव्यवहार, साहित्य, कला, दर्शन आदि पर्यावरणसँग अन्तर्सम्बन्धित भएर निर्माण भएका हुन्छन् ।

समाजका मूर्त र अमूर्त संस्कृतिहरू पर्यावरणबाटै निर्मित हुन्छन् । भौतिक संस्कृतिअन्तर्गत उत्पादनका औजार, प्रविधि, मानव निर्मित प्रयोग, उद्योग, उपभोग्य सामग्री आदि सबै पर्छन् भने अभौतिक संस्कृतिभित्र विचार, चेतना, दर्शन, नैतिकता, मूल्य, आचरण, आस्था, प्रथा, प्रचलन, लोकव्यवहार, कला, साहित्य, विज्ञान आदि पर्छन् (चैतन्य, २०६६, पृ. १२३) । मानिस र उसको समूह समाजले जेजति ज्ञात र अज्ञात रूपबाट सिक्छ, त्यसको पिँढीगत पुस्तान्तरण गर्छ । जेजस्ता जीवनपद्धतिहरूको अवलम्बन गर्छ; यी सबैको एकीकृत रूपबाट संस्कृति बन्छ र त्यो संस्कृतिको निर्माण पर्यावरणकै अनुकूलतामा हुन्छ । त्यसैले समाज र पर्यावरणको गहिरो अन्तर्सम्बन्ध रहेको हुन्छ ।

## सामाजिक संरचनामा पर्यावरणीय प्रभाव

पर्यावरण प्रकृति निर्मित संरचना हो भने सामाजिक संरचना मूलतः मानवीय आचरण र व्यवहारसँग सम्बन्धित छ । त्यसैले प्रकृति वा पर्यावरण र सामाजिक संरचनाका बिचमा कसरी सम्बन्ध

स्थापित भएको छ भन्ने प्रश्न निकै महत्त्वपूर्ण छ । पर्यावरण र समाजका बिच सम्बन्ध छ भन्ने कुरा स्वतःसिद्ध छ । पर्यावरणले मानवीय व्यवहार निर्देशित गर्छ र मानवीय व्यवहारको समुच्च रूप सामाजिक संरचना हो । त्यसैले समग्र मानवीय क्रियाकलाप र उसका मूर्तअमूर्त संस्कृतिको एकत्व नै सामाजिक संरचना हो । यसको निर्माणमा स्थानीय प्रकृतिको भूमिका रहेको हुन्छ । मानिसको खानपान, जीवनकला, जाति, समूह, लैङ्गिक व्यवहार आदि प्राकृतिक सत्ताद्वारा निर्देशित हुन्छन् । मानिस र उसको समूहले प्रकृतिबाट प्राप्त हुने वस्तुको उपभोग गरेर नै जीवन बिताउँछ (पोखरेल, २०७२, पृ. १६) ।

प्रकृतिभन्दा टाढा रहेर मानव समाजको परिकल्पना गर्न सकिन्न । सामाजिक संरचनाका प्रत्येक पक्षमा प्रकृतिको अन्तर्घुलन भएको हुन्छ । प्रकृतिले निर्देशित गरेका प्राकृतिक स्वभावहरू सामाजिक संरचना निर्माणका कारकतत्त्व हुन् । प्रकृतिको गुण र स्वभावहरूको प्रतिनिधित्व कुनै न कुनै रूपमा सामाजिक संरचनामा भएको हुन्छ । मानिसलाई प्रकृतिप्रदत्त जमिन, जल, जङ्गल र वायुको उपभोग नितान्त सर्वोपरि छ । उसको संस्कृति र सामाजिक संरचनाको निर्माणमा यी पक्षले भूमिका खेलेको हुनाले सामाजिक संरचना र संस्कृति निर्माणको मुख्य कारक तत्त्व नै पर्यावरण हो (गरार्ड, सन्, २००४, पृ. ९) । यसबाट सामाजिक संरचना निर्माणको प्रधान कारक पर्यावरण भएको पुष्टि हुन्छ ।

प्रकृतिमा रहेको वायु प्राणीको जीवनाधार हो । जमिनसँग जलचरहरूको अस्तित्व रहन्छ । जमिन र जङ्गलबाट प्राप्त उपभोग्य वस्तुहरूको उपभोग मानिसलगायत सम्पूर्ण प्राणीका लागि आवश्यक छ । मानिस पूर्ण रूपमा प्रकृतिमै आश्रित छ । त्यसैले उसका समग्र व्यवहारहरू प्रकृतिबाटै निर्देशित छन् । मानिस जतिजति प्रकृतिको नजिक रहन्छ; त्यति नै उसको आचरण प्राकृतिक र सहज हुन्छ । मानिस जति प्रकृतिबाट विमुख र टाढा हुँदै जान्छ; त्यति नै उसको जीवनशैली, संस्कृति र सामाजिक संरचना अप्राकृतिक र कृत्रिम बन्दै जान्छ (पोखरेल, २०७२, पृ. १६) ।

मानिसको जन्म, मृत्यु र समग्र संस्कारका पक्षहरू प्रकृतिमा निर्भर रहन्छन् । यस्ता समग्र सामाजिक मानवीय आचरणहरू प्रकृतिकै नजिक रहन्छन् । मानिस बस्ने घर, घरका झ्याल ढोका, सुत्ने खाट, भाँडाकुँडा र खानपान सबै प्रकृतिमै निर्भर छन् । मानिसले निर्माण गरेका विभिन्न कलामूल्यको आधार पनि प्रकृति नै रहेको हुन्छ । ती संस्कृतिहरू मानव सभ्यताका प्रतीक पनि हुन् । संस्कृतिभित्र विभिन्न आविष्कार, निर्माणकला, साहित्य, धर्म, विचार, दैनिक व्यवहार, खानपान, रहनसहन आदि पर्ने र तिनको सम्बन्ध पर्यावरणसँग रहन्छ (भट्टराई, २०६८, पृ. ४२) । पर्यावरणसँगको सन्तुलित सम्बन्धले नै मानिसको सामाजिक संरचना सबल, सुदृढ र पर्यावरणमैत्री रहन्छ । पछिल्लो समयमा मानवीय क्रियाकलापहरू पर्यावरण मैत्री देखिएका छैनन् । अतः पछिल्लो समयको सामाजिक संरचना क्रमशः कृत्रिम, अप्राकृतिक र पर्यावरण विरोधी बन्दै गएको देखिन्छ । मानिसको सम्पूर्ण जीवनपद्धति र संस्कार भन्नु उसको संस्कृति हो । त्यो संस्कृति पर्यावरणबाट निर्देशित छ (ग्लटफेल्टी, सन् १९९६, पृ. XXVIII) । सामाजिक संरचनामा रहेका पर्यावरणीय प्रभावहरूका विषयमा तलका उपशीर्षकमा चर्चा गरिएको छ ।

### मूर्त सामाजिक संरचनामा पर्यावरणको प्रभाव

पर्यावरण सापेक्ष मूर्त सामाजिक संरचनाहरू निर्माण भएका हुन्छन् । मूर्त सामाजिक संरचनाभित्र उत्पादनका औजार, प्रविधि, उद्योग, खानपान, बासस्थान, भाषा आदि पर्छन् । पर्यावरणीय सापेक्षताअनुसार नै समाजको खानपान निर्धारित हुन्छ । जस्तो पर्यावरणीय संरचना छ; त्यसैअनुसारको खाद्य व्यवहार लोक समाजले अङ्गीकार गरेको हुन्छ । हावापानी, भूगोल, प्राकृतिक बनावट, समुद्र, हिमालय, मरुभूमि आदिमा हुने सामाजिक खाद्य व्यवहारमा त्यहीँको पर्यावरणले प्रभाव पार्छ । सामुद्रिक तटीय क्षेत्रको खानपान र हिमाली क्षेत्रको खानापन फरक हुन्छ । त्यस्तै मरुस्थलीय क्षेत्रको खानपान र पहाडी क्षेत्रको खानपान फरक हुन्छ । जुन हावापानी, भूगोल र परिवेश छ; त्यसैअनूकुलको खाद्यशृङ्खला कायम

हुन्छ र त्यसैको अनुकूलतामा खानपान वा खाद्य व्यवहारको सामाजिक संरचना निर्माण हुन पुग्छ।

सामाजिक संरचनाअन्तर्गत रहने अर्को संरचना आर्थिक पक्ष पनि हो। भूगोल, परिवेश र स्थानीय पर्यावरणअनुसार त्यहाँको आर्थिक संस्कृति निर्माण भएको हुन्छ। हिमाली भूगोलको आर्थिक संस्कृति निर्माणको आधार जडीबुटी र पर्यापर्यटन हुन्छन्। पहाडी समाजको आर्थिक संरचना निर्माण जडीबुटी, तरकारी, फलफूल र अन्नले गरेको हुन्छ। त्यस्तै तराईको आर्थिक संस्कृति निर्माणमा अन्नले महत्त्वपूर्ण भूमिका खेल्छ। सामुद्रिक क्षेत्रको आर्थिक संस्कृति मत्स्य व्यवसाय र अन्तर्राष्ट्रिय व्यापारले निर्धारित गर्दछ। मरुस्थलीय आर्थिक संस्कृति पनि त्यहीँ उपलब्ध खनिज तत्त्वहरूले निर्माण गरेका हुन्छन्।

सामाजिक संरचनाभित्र रहने अर्को पक्ष प्रयोगगत उपकरण, हातहतियार र औजारहरू हुन्। यी सामाजिक संरचनाका प्रत्यक्ष निर्धारक पनि हुन्। मानिसले प्रयोग गर्ने भाँडाकुँडा, खेतीपातीका लागि आवश्यक पर्ने औजारहरू, घरका बाह्य र आन्तरिक उपकरणहरू, झ्यालढोका, मानिस सुत्ने खाट, घरको बनावट र संरचना, मानिसले आफूलाई सुरक्षा दिन सदियौँदेखि उपयोग गर्दै आएका हातहतियार, मानिसले लगाउने लुगा, गरगहना आदि सबै स्थानीय पर्यावरण अनुकूल रहेको हुन्छ। हिमाली समाजका प्रयोगगत उपकरण र तराई क्षेत्रका प्रयोगगत उपकरणहरूमा भिन्नता हुनु पर्यावरणीय प्रभाव हो। मरुस्थलीय र सामुद्रिक तटीय क्षेत्रको समाजमा रहने यस्ता उपकरणहरूको भिन्नता निर्माणको आधार पनि स्थानीय पर्यावरण नै हो। हिमाली, पहाडी, तराइली, सामुद्रिक र मरुस्थलीय क्षेत्रको वेशभूषा, पहिरन र शृङ्गारको भिन्नताको आधार पनि पर्यावरण नै हो।

## अमूर्त सामाजिक संरचना निर्माणमा पर्यावरणको प्रभाव

पर्यावरणले सामजका लोकविश्वास, मूल्यमान्यता, रीतिरिवाज, विचारधारा, दैनिक व्यवहार, साहित्य, कलाकौशल, चाडपर्व, धर्म आदिको निर्माणमा अमूर्त रूपमा निर्देशित गरेको हुन्छ। यसैलाई सामाजिक संरचनाका अमूर्त संस्कृति भनिन्छन्। यी संस्कृतिहरू व्यवहारमा प्रदर्शित हुँदा मूर्त हुन्छन्। आन्तरिक सामाजिक संरचनामा मात्र यस्ता पक्षहरू अमूर्त भएर रहेका हुन्छन्। मान्छेको विचारधारा निर्माण गर्न पर्यावरणले प्रत्यक्ष प्रभाव पार्दछ। मान्छेको विचारधारा, चिन्तन, दर्शन र बौद्धिकताको निर्माणमा पर्यावरणको गहिरो प्रभाव हुन्छ। हिमालीक्षेत्र, पहाडीक्षेत्र, तराईक्षेत्र, सामुद्रिकक्षेत्र, मरुस्थलीयक्षेत्र आदिको सामाजिक विचार, चिन्तन भिन्नभिन्न हुनुमा त्यहाँको पर्यावरण जिम्मेवार हुन्छ। त्यसैगरी भूगोल वा पारिस्थितिक पद्धतिअनुसारका चाडपर्वहरू, धर्म, संस्कृति, प्रथा, परम्परा, कलाकौशल, साहित्य र समग्र जीवनयापनसँग जोडिएका अमूर्त पक्षरुको निर्माणमा त्यहीँको पर्यावरणले भूमिका खेल्छ। हिमाली पर्यावरणसँग अनुकूलित भएर कला, परम्परा, लोकविश्वास, लोकधर्म, रीतिरिवाज, चाडपर्व, भाषिक समाज, जातीय व्यवहार, कलाकौशल निर्माण भएका हुन्छन्। यसैगरी पहाड, तराई, सामुद्रिक तटीयक्षेत्र, मरुस्थल आदिका अमूर्त संस्कृतिहरू पनि सोही पर्यावरणसँग अनुकूलित भएर आएका हुन्छन्। त्यसैले पर्यावरणकै सापेक्षतामा अमूर्त संस्कृतिको निर्माण हुन्छ।

## पर्यावरण विनाशले निम्त्याएको सामाजिक सङ्कट

प्रकृतिमाथि मानिसले आफ्नो अधिपत्य जमाउँदै गएपछि पर्यावरणीय सङ्कट देखा परेको छ। मानिसको प्रकृतिमाथिको अस्वाभाविक उपस्थिति नै पर्यावरणीय सङ्कटको कारण हो। मानव सभ्यताको तीव्र विकाससँगै मानिस प्रकृतिप्रति असंवेदनशील बन्दै गएको छ। उसको चरम महत्त्वाकाङ्क्षाका कारण वातावरणीय सङ्कट उत्पन्न भएको छ। जल, जमिन, जङ्गल, वायु तथा समग्र प्राकृतिक खनिज स्रोतको असंवेदनशील अधिक दोहन र उपयोगले पछिल्लो समय पर्यावरणीय सङ्कट उत्पन्न भएको छ। मानव विश्वविजेता बन्ने होडमा प्रकृति विरुद्ध नै बर्बर बनेर उत्रिएको छ। मानिसले आफ्नो आधार पर्यावरण हो भन्ने बुझेर पनि बुझ पचाउँदै प्रकृतिको अनुचित शोषण गरिरहेको छ। प्रकृति मानिसको मात्र होइन, सम्पूर्ण चराचर जगत्को

आधार स्रोत हो । प्रकृतिको सन्तुलित उपयोगले मात्र मानव र सम्पूर्ण जीवको अस्तित्व रक्षा हुनसक्छ । तीव्र सहरीकरण, औद्योगीकरण, उपभोक्तावाद आदिको विकासले प्रकृतिको चरम शोषण भइरहेको छ । यसैगरी रासायनिक हातहतियारको डरलाग्दो उत्पादन र भण्डारण प्रकृतिका लागि अभिशाप बन्न पुगेको छ ।

आधुनिक भनिएको कथित सभ्य समाजले प्रकृतिको चरम दुरूपयोग गर्नु समकालीन वैश्विक चुनौती हो । खासगरी आधुनिक युगको प्रारम्भसँगै सुरु भएको औद्योगीकरण, विश्वव्यापीकरण, विश्वबजार, सहरीकरण आदिसँगै प्रकृतिको व्यापक विनाश भयो । संसारमा भएका मानवीय अहङ्कारका महायुद्धहरूले पर्यावरण असन्तुलन सृजना भयो । यसले गर्दा गम्भीर पर्यावरणीय सङ्कट उत्पन्न भयो ।

केरिजका अनुसार बिसौँ शताब्दीको मध्यतिर विभिन्न कारणले वातावरणमा देखापरेको गम्भीर सङ्कट र त्यसको समाधानमा वातावरणविद्‌बाट पर्यावरण संरक्षणको चासो उत्पन्न भयो (केरिज, सन् २००६, पृ. ५३१) । वातावरण विनाशका कारणका सम्बन्धमा गहन पर्यावरणवादी, समाज पर्यावरणवादी, मार्क्सवादी पर्यावरणवादी र नारीवादी पर्यावरणवादीहरूले अलग अलग दृष्टिकोण प्रस्तुत गरेका छन् । गहन पर्यावरणवादीहरूको मान्यताअनुसार प्रकृतिको उपयोग जीवनचर्याको लागि त्यति मात्र गर्नुपर्छ; जति मानेवेत्तर अन्य प्राणीहरूले गर्दछन् ।

मानिसको लोभ, अहङ्कार र सञ्चयवृत्ति नै पर्यावरणीय सङ्कटको कारण हो । नारीवादी पर्यावरणविद्‌ले पुरुष अहम्‌का कारण पर्यावरणीय सङ्कट उत्पन्न भएको, पुरुषमा करुणा र संरक्षणको भाव नभएको आरोप लगाउँदै नारी सन्तान र चारोसँग जोडिनुपर्ने हुनाले प्रकृतिको संरक्षण नारीबाट मात्र हुन सक्ने मत प्रस्तुत भएको पाइन्छ । मार्क्सवादीहरूको दृष्टिकोणमा संसारमा पर्यावरणीय विनाशको कारण पुँजीवादी, साम्राज्यवादी, उपनिवेशवादी र उपभोक्तावादी संस्कृतिको परिणाम हो । गैरमार्क्सवादी ठम्याइमा वातावरण प्रदूषण हुने मुख्य कारण मानवीय स्वार्थीपन, सङ्कीर्णता, विवेकको स्खलन र अज्ञानता हो (भट्टराई, २०६८, पृ. ६२) । चरम वैयक्तिकताले व्यक्ति धेरै स्वेच्छाचारी बन्दै गएको र उसको पाशविक वृत्तिको मार पर्यावरणले भोग्नु परिरहेको सत्य जगजाहेर रहेको पाइन्छ । मान्छेका स्वार्थलोलुपता र चरम व्यक्तिवादी स्वार्थी प्रवृत्तिले प्रकृति दिनानुदिन विनष्ट भइरहेको सत्य कसैका सामु छिपेको छैन ।

पर्यावरणीय विनाशबाट सामाजिक संरचनामा गहन सङ्कट उत्पन्न भएको छ । मानवीय क्रियाकलापहरू बदलिएका छन् । मान्छेका मूर्त र अमूर्त संस्कृतिहरू तहसनहस बन्ने अवस्थामा पुगेका छन् । पारिस्थितिक पद्धति बदलिएको छ । यसले खाद्यशृङ्खला, मौसम प्रणाली, विश्व तापमान वृद्धि, रोगहरूको प्रकोप, बाढी, पहिरो, भूक्षय, ओजोन तहको विनाश, बालीनालीहरूको उत्पादनमा कमी, अतिवृष्टि, अनावृष्टि, अल्पवृष्टि र खण्डवृष्टिको समस्या, अम्लीय वर्षा, ऋतुचक्रमा परिवर्तन, हिमालयमा तापक्रमको वृद्धि, हिउँ विलयन, तटीय देशहरूमा डुबानको समस्याजस्ता अनगिन्ती समस्याहरू आजका प्रमुख सामाजिक चुनौतीका रूपमा देखा परेका छन् । यसबाट वातावरणमा रहेका जीवजन्तु, कीटपतङ्ग, चराचुरुङ्गी, वनस्पति तथा सांस्कृतिक धरोहर र सम्पदामा ह्रास आएको छ । यस बारेमा सर्वत्र चासो र चिन्ता थपिँदै गएको छ । प्रकृतिको बचाउमा विभिन्न कलाका माध्यमद्वारा आवाज पनि उठ्दै गएको छ । पछिल्ला दिनहरूमा कलाको एउटा माध्यम साहित्यमा पर्यावरणसम्बन्धी दृष्टिकोणहरू प्रस्तुत भएको पाइन्छ । यस्तो साहित्यलाई पर्यावरणीय साहित्य मानिएको छ ।

पर्यावरणीय साहित्यमा साहित्यको पर्यावरणसम्बन्धी भूमिका, मानव समुदाय र प्रकृतिका अन्य पक्षका लागि प्रकृतिको रक्षा तथा त्यस कार्यका लागि राज्यसत्ताको भूमिका र राजनीतिक प्रतिबद्धताका लागि जनतालाई सचेत पार्ने कार्य भइरहेको छ (भट्टराई, २०७०, पृ. ८१) । वातावरणको जगेर्ना मानव समाजको ठुलो चुनौती हो । यो मानिसले नै निम्त्याएको समस्या पनि हो । यसको समाधान पनि मानिसले नै गर्नुपर्छ । पृथ्वी सबैको साझा हो । पर्यावरणमा मानवजस्तै मानवेत्तर जगत् पनि छ ।

त्यो पनि यो पर्यावरणको प्रमुख उपभोक्ता हो। पर्यावरणीय सङ्कटले सामाजिक संरचनामा समस्या निम्तिएको छ। वनजङ्गलको विनाश, जलप्रदूषण, वायुप्रदूषण, भूप्रदूषण आदिले सर्वसाधारण मानिस र त्यसका उपभोक्ताहरूमा असर परेको छ। उनीहरूको जिन्दगीमा गम्भीर सङ्कट उत्पन्न भएको छ।

प्रकृतिमा पूर्ण रूपले आश्रित अनेक जनजातिहरूले पर्यावरणीय सङ्कटको गम्भीर मार खेप्नुपरेको छ। सरोकारवाला सबैले यस सम्बन्धमा तत्काल उचित कदम नचालेमा यसले गहन सामाजिक सङ्कट निम्त्याउने निश्चित छ। पर्यावरण संरक्षणका सम्बन्धमा पछिल्लो समयमा विभिन्न प्रयासहरू भएका छन्। यस्ता प्रयासहरू कतिपय सामूहिक, कतिपय व्यक्तिगत र कतिपय संस्थागत रहेका छन्। संयुक्त राष्ट्रसङ्घको आयोजनामा विश्व वातावरण दिवस, कार्बन कटौती, अन्तर्राष्ट्रिय शिखर सम्मेलनहरू हुँदै आएका छन्। पछिल्लो समयमा औद्योगीकरण, सहरीकरण र भौतिक संरचनाको निर्माणपूर्व अनिवार्य वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने मापदण्डहरू पनि स्थापित भएका छन्। पछिल्लो पुस्तामा विद्यालयीय पाठ्यक्रममा वातावरण संरक्षणसम्बन्धी पठनपाठनले पनि पर्यावरणसम्बन्धी सचेतना वृद्धि हुँदै गएको पाइन्छ।

## निष्कर्ष

समाज र पर्यावरणका बिचमा अभिन्न सम्बन्ध रहेको छ। पर्यावरण सामाजिक संस्कृति निर्माणको मुख्य कारक हो। पर्यावरण सापेक्ष भएर नै सामाजिक संरचनाको निर्माण भएको हुन्छ। समाजका हरेक संरचनामा पर्यावरणले गहिरो प्रभाव पारेको हुन्छ। सामाजिक संस्कृतिको निर्माण स्थानीय पर्यावरणकै परिवेशगत सापेक्षतामा हुन्छ। पर्यावरणबाट विमुख भएर समाजको अस्तित्व कायम रहँदैन। सामाजिक गतिविधिहरू सञ्चालनको आधार स्रोत पर्यावरण हो। समाजमा निर्माण भएको मूर्त र अमूर्त संस्कृतिमा पर्यावरण जिम्मेवार रहेको हुन्छ। मानव समाजका मूर्त र अमूर्त संस्कृति निर्माणको आधारशिला पर्यावरण हो। पर्यावरणसँग अनुकूलन भएर नै सामाजिक सभ्यताको निर्माण भएको हुन्छ। सभ्यता निर्माणमा नदी, समुद्र, हिमालय, वनजङ्गल आदिजस्ता भूगोल र त्यसअन्तर्गतका परिवेशगत पारिस्थितिक प्रणालीले प्रभाव पारेको हुन्छ। पछिल्लो समय पर्यावरण असन्तुलित बन्दै गएको छ। यसबाट मानव समाज प्रभावित बनेको छ।

मानवकै अतिवादी क्रियाकलापहरू पर्यावरणीय असन्तुलनका कारण बनेका छन्। तीव्र सहरीकरण वर्तमानको पर्यावरणीय विनाशको प्रमुख कारण हो। त्यसैगरी शक्तिशाली बन्ने होडमा निर्माण र परीक्षण गरिएका रासायनिक हातहतियारहरू पर्यावरणका लागि अभिशाप बनेका छन्। औद्योगीकरणका कारण उत्सर्जित हानिकारक पदार्थहरूले जल, वायु, प्रदूषण निम्त्याएको छ। यसले ओजोन तहमा क्षति पुगेर मानव समाज र पर्यावरण नै सङ्कटग्रस्त अवस्थामा पुगेको छ। जलसम्पदाको अधिक दोहनका कारण जनजातीय सभ्यता, संस्कृति र जीवनचर्यामा असर परेको छ। प्रकृतिमा पूर्ण रूपमा आश्रित जनजातीय सभ्यता नाश हुने अवस्थामा छ। विश्व तापमान वृद्धिले पारिस्थितिक चक्रमा खलल परेको छ। उपभोक्तावादको तीव्र प्रभावले सञ्चयवृत्ति र उपभोग वृत्तिमा वृद्धि भएर त्यसको चाप पर्यावरणले थेग्नै नसक्ने अवस्थामा पुगेको छ। ऊर्जाका लागि प्राकृतिक खनिजको चरम उपयोगले पर्यावरणमा असर परेको छ। विश्व बजारीकरणले स्थानीय पर्यावरणमाथि अधिक दोहन हुँदा समस्या निम्तिएको छ। पर्यावरणीय विनाशसँग मानव र मानवेतर जगत्मा सङ्कट उत्पन्न हुन्छ। यसले समाज नराम्रोसँग प्रभावित बन्न पुग्छ। सामाजिक पद्धतिहरू नै विघटनको अवस्थामा पुग्छन्। पर्यावरणमा आएको परिवर्तनसँगै सामाजिक संरचनामा पनि असर पर्छ। त्यसैले समाजको अस्तित्व अक्षुण्ण राख्न पर्यावरणको संरक्षण पनि उत्तिकै आवश्यक छ। पछिल्लो समय पर्यावरण संरक्षणका लागि केही प्रयास सुरु हुनु पर्यावरण संरक्षणका दिशामा सकारात्मक प्रयास हो।

## सन्दर्भ सामग्रीसूची


कुप, लरेन्स (सन् २०००). *द ग्रिन स्टडिज रिडर फ्रम रोमान्टिसिज्म टु इकोक्रिटिसिज्म.* लन्डन : रोटलेज पब्लिकेसन ।

केरिज, रिचार्ड (सन् २००६). *इन्भारमेन्टालिज्म एन्ड इकोक्रिटिसिज्म लिटरेरी.* लन्डन : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

गरार्ड, ग्रेग (सन् २००४). *इकोक्रिटिसिज्म.* न्युयोर्क : रटलेज पब्लिकेसन ।

गौतम, कृष्ण (२०६४), *उत्तर आधुनिक जिज्ञासा.* काठमाडौँ : भुकुटी एकेडेमिक पब्लिकेसन ।

ग्लटफेल्टी, चेरिल एन्ड फ्रोन ह्यारोल्ड (सन् १९९६). *द इकोक्रिटिसिज्म रिडर : ल्यान्डमार्क इन लिटरेरी इकोलोजी.* जर्जिया : युनिभसिटी अफ जर्जिया प्रेस ।

चैतन्य (२०६६). *मार्क्सवाद र संस्कृति.* काठमाडौँ : सहिद स्मृति प्रतिष्ठान ।

पोखरेल, गोकुल (२०७२). "नदी किनाराका माझी काव्य सङ्ग्रहमा पर्यावरण". अप्रकाशित दर्शनाचार्य तह शोध प्रबन्ध, त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

भट्टराई, रमेश (२०६८). "पर्यावरणीय सङ्कट र सांस्कृतिक नीति'. *अभिज्ञान* (१/२ कार्तिक - पुस), पृ. ६२-७३ ।

भट्टराई, रमेश (२०७०). *समय, सौन्दर्य, पर्यावरण र कविता.* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

मिन्नर एन्ड ब्रोबिट (सन् २००७). *कन्टेम्पोररी कल्चरल थ्यौरी.* दिल्ली : रावत पब्लिकेसन ।

सुवेदी, राजेन्द्र (२०७३). *सांस्कृतिक अध्ययन.* काठमाडौँ : पाठ्यसामग्री पसल ।

होकम्यान, जोन (सम्पा. लरेन्स कुप) (सन् २०००). "ग्रिन कल्चरल स्टडिज". *द ग्रिन स्टडिज रिडर : फ्रम रोमान्टिसिज्म टु इकोक्रिटिसिज्म.* न्युयोर्क : रटलेज पब्लिकेसन ।


■